१३. सेवा आयोग : (१) प्रज्ञा प्रतिष्ठानमा कर्मचारीहरुको स्थायी नियुक्ति र बढुवाको सिफारिश गर्न देहाय बमोजिमको एक प्रज्ञा प्रतिष्ठान सेवा आयोग रहनेछ :-

(क) लोक सेवा आयोगको अध्यक्षले तोकेको एकजना सदस्य -अध्यक्ष

(ख) सभाले तोकेको सभाका एकजना सदस्य -सदस्य

(ग) सचिव -सदस्य-सचिव

(२) सेवा आयोगको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) सेवा आयोगको बैठक सम्बन्धी कार्यविधि सेवा आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) सेवा आयोगको अध्यक्ष तथा सदस्यहरुले बैठकमा भाग लिए बापत पाउने बैठक भत्ता तोकिए बमोजिम हुनेछ ।

१४. संरक्षक : प्रज्ञा प्रतिष्ठानको संरक्षक हुनको निमित्त राष्ट्रका विशिष्ट व्यक्तिलाई सभाले अनुरोध गर्नेछ र सम्बन्धित व्यक्तिबाट स्वीकृति प्राप्त भएपछि निज प्रज्ञा प्रतिष्ठानको संरक्षक मानिनेछ ।

१५. कुलपति : (१) प्रधानमन्त्री प्रज्ञा प्रतिष्ठानको कुलपति हुनेछ ।

(२) कुलपति प्रज्ञा प्रतिष्ठानको प्रमुख र सभाको अध्यक्ष हुनेछ ।

१६. सहकुलपति : (१) शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्री वा राज्यमन्त्री प्रज्ञा प्रतिष्ठानको सहकुलपति हुनेछ ।

(२) सहकुलपतिले प्रज्ञा प्रतिष्ठानको निरीक्षण गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) कुलपतिको अनुपस्थितिमा सहकुलपतिले कुलपतिको कार्य गर्नेछ ।

१७. उपकुलपति : (१) उपकुलपति प्रज्ञा प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ ।

(२) प्रज्ञा प्रतिष्ठानको उपकुलपति पदमा नियुक्तिको लागि सिफारिश पेश गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा सकेसम्म प्रज्ञाका सबै विषय क्षेत्रको प्रतिनिधित्व हुने गरी चारजना सदस्यहरु रहेको एक समिति गठन हुनेछ र सो समितिले प्रज्ञाका विभिन्न क्षेत्रमा कार्यरत तथा ख्याति प्राप्त गरेका व्यक्तिहरुको यथासम्भव व्यापक सुझाव लिई सिफारिश गरेको व्यक्तिलाई कुलपतिले उपकुलपतिको मनोनयन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपकुलपति हुनको लागि पचास वर्ष उमेर पूरा गरेको र प्रज्ञाका एक वा एक भन्दा बढी क्षेत्रमा कम्तीमा दुई दशकदेखि संलग्न रही स्तरीय रचनाको सृजना र प्रकाशन गरी विशिष्ट योगदान पु-याएको व्यक्ति हुनु पर्नेछ ।

(४) उपकुलपतिको पदावधि पाँच वर्षको हुनेछ ।

(५) प्रज्ञा प्रतिष्ठानको सबै काम कारबाही उपर उपकुलपतिको सामान्य नियन्त्रण रहनेछ ।

(६) उपकुलपतिले सभाको निर्णय र निर्देशनहरु कार्यान्वयन गर्नु, गराउनु पर्नेछ ।

(७) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै निकाय वा अधिकारीले गर्ने भनी उल्लेख भएका कामहरु बाहेक अन्य कामहरु उपकुलपतिले गर्नेछ । यसरी उपकुलपतिले कुनै काम गरेको भए त्यसको जानकारी तुरुन्तै कुलपतिलाई दिनु पर्नेछ र लगत्तै बस्ने सभाको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।



562

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. सचिव : (१) सचिव प्रज्ञा प्रतिष्ठानमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(२) सचिव पदमा नियुक्तिको लागि सिफारिश पेश गर्न कुलपतिबाट उपकुलपतिको अध्यक्षतामा सभाका दुईजना सदस्यहरु रहेको एक समिति गठन हुनेछ र सो समितिको सिफारिशमा कुलपतिबाट सचिवको नियुक्ति हुनेछ ।

(३) सचिवको पदावधि पाँच वर्षको हुनेछ ।

(४) सचिवको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१९. समिति, उपसमिति वा कार्यटोली गठन गर्न सक्ने : (१) प्रज्ञा प्रतिष्ठानले गर्नु पर्ने काम सुचारु रुपले गर्नको लागि सभाले आवश्यकतानुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समिति, उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

२०. आजीवन तथा प्रज्ञा मानार्थ सदस्यता प्रदान गर्न सक्ने : (१) प्राज्ञ परिषद्का सदस्य भई विशिष्ट योगदान गरेका व्यक्तिहरुलाई सभाले प्रज्ञा प्रतिष्ठानको आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

(२) नेपालको राष्ट्रभाषा नेपाली, नेपालका राष्ट्रिय भाषाहरु, साहित्य, कला, कौशल, संगीत, नाट्य, संस्कृति र सामाजिक शास्त्र सम्बन्धी विभिन्न विषयमा राष्ट्रको गौरव बढाउन उल्लेखनीय काम गर्ने व्यक्तिलाई सभाले प्रज्ञा प्रतिष्ठानको प्रज्ञा मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

मुद्रण विभाग



E62

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. प्रज्ञा प्रतिष्ठानको कोष : (१) प्रज्ञा प्रतिष्ठानको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन :-

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति, संस्था, विदेशी सरकार वा संस्थाबाट प्राप्त ऋण, चन्दा, सहायता, अनुदान वा दान दातव्यको रकम,

(ग) कुनै सेवा उपलब्ध गराए बापत प्राप्त हुने रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम प्रज्ञा प्रतिष्ठानले विदेशी सरकार वा संस्थासंग कुनै किसिमको सहयोग वा ऋण लिंदा श्री ५ को सरकार मार्फत कारबाही गर्नु पर्नेछ ।

(३) प्रज्ञा प्रतिष्ठानको कोषको रकम तोकिएको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) प्रज्ञा प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(५) प्रज्ञा प्रतिष्ठानका सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

२२. लेखा र लेखा परीक्षण : (१) प्रज्ञा प्रतिष्ठानको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) प्रज्ञा प्रतिष्ठानको लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. पारिश्रमिक र सुविधा : उपकुलपति, सचिव, प्राज्ञ परिषद्का मनोनीत सदस्यहरु र आजीवन सदस्यहरुको पारिश्रमिक र सुविधा तोकिए बमोजिम हुनेछ ।

२४. रिक्त स्थानको पूर्ति : (१) प्रज्ञा प्रतिष्ठानको कुनै पदाधिकारीको पद कुनै कारणबाट रिक्त हुन आएमा उक्त रिक्त स्थानको पूर्ति उक्त पदाधिकारीको जुन तरिकाले मनोनयन वा नियुक्ति भएको हो सोही तरिकाबाट मनोनयन वा नियुक्ति गरी रिक्त स्थान पूर्ति गरिनेछ ।

(२) उपदफा (१) बमोजिम रिक्त स्थान पूर्तिको लागि मनोनयन वा नियुक्ति हुने पदाधिकारीको मनोनयन वा नियुक्ति सो रिक्त स्थानमा बाँकी अवधिको लागि मात्र गरिनेछ ।

२५. वार्षिक कार्यक्रम र वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने: कुलपतिको अनुमति लिई उपकुलपतिले प्रज्ञा प्रतिष्ठानको वार्षिक कार्यक्रम र वार्षिक प्रतिवेदन संरक्षक समक्ष पेश गर्नु पर्नेछ ।

२६. अधिकार प्रत्यायोजन : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार सभाले प्राज्ञ परिषद्, सेवा आयोग, कुलपति, सहकुलपति, उपकुलपति वा यस ऐन बमोजिम गठन हुने कुनै समिति, उपसमिति वा कार्यटोलीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार प्राज्ञ परिषद्, सेवा आयोग, कुलपति, सहकुलपति, उपकुलपति वा सचिवले कुनै निकाय वा पदाधिकारीलाई सुम्पन सक्नेछ ।

२७. श्री ५ को सरकारसंग सम्पर्क : प्रज्ञा प्रतिष्ठानले श्री ५ को सरकारसंग सम्पर्क राख्दा शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय मार्फत राख्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८. **नियम बनाउने अधिकार** : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न सभाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२९. **खारेजी र बचाउ** : (१) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन, २०३१ खारेज गरिएकोछ ।

(२) यो ऐन प्रारम्भ हुँदाको बखत कायम रहेको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको लेनदेन, कारोबार, ऋण, धन लगायतका सम्पूर्ण अधिकार र दायित्व यस ऐन बमोजिमको प्रज्ञा प्रतिष्ठानको हुनेछ ।

(३) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन, २०३१ बमोजिम भए गरेको सम्पूर्ण कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

लालमोहर सदर मिति:- २०५०।११।२५।४

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।